# आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१

कक्षा : ८
विषय : नेपाली

पूर्णाङ्क : ५०
समय : २ घण्टा

**विद्यार्थीले उत्तर दिंदा सिर्जनात्मक र मौलिक उत्तर दिनु पर्नेछ।**

---

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** (२)

व्यङ्ग्य, जन्मभूमि, दर्शनीय, एकीकरण, लौकिक

क) एउटै बनाउने काम ..............
ख) एउटा कुरा भनेझैं गरेर अर्को कुरा भन्नु ..............
ग) आफू जन्मिएको ठाउँ .............
घ) हेर्न लायक .................

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :** (२)

क) 'क्रोधको' उस्तै अर्थ दिने शब्द ........ हो। (माया, रिस, द्वन्द्व)
ख) 'सङ्कीर्ण' को विपरीतार्थक शब्द ...... हो। (अधार, सुधार, उदार)
ग) ............ अनेकार्थी शब्द हो। (अर्थ, अनर्थ, व्यर्थ)
घ) 'फूल' को समावेश्य शब्द ........ हो। (पीपल, मखमली, वृक्ष)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

इन्द्रका अगाडि स्वर्गको बयान, ढकमक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** (१)

| | | | |
|---|---|---|---|
| क) संचय | सन्चय | सम्चय | सञ्जय |
| ख) बेवास्ता | वेवास्ता | बेवास्ता | व्यवास्ता |

**५. दिइएको वाक्यलाई शुद्ध गरी लेख्नुहोस् :** (२)

केही छेणर्पाछ गोल्डीङ जुरुक्क उठे र झ्याल को पर्दा अलिकति सारे

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** (२)

म पढ्नै नचाहने विद्यार्थी भने पक्कै थिएन नि।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** (२)

क) मैले विद्यालयमा ......... । (पढाउ : अभ्यस्त भूत)
ख) हजुरआमाले भजन .......... । (सुन् : सामान्य वर्तमान)
ग) हामीहरु मिलेर काम ........... । (गर् : सम्भावनार्थ)
घ) नेपालीहरु देशको उन्नतिमा ......... । (लाग् : इच्छार्थ)

**८. दिइएको सङ्केतको आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (३)

क) उनी हाँस्दै आइन्। (पुलिङ्ग)
ख) कविताले कहिल्यै गृहकार्य गर्दिनन्। (करण)
ग) जसले मह काट्छ उसले हात चाट्छ। (सरल वाक्य)

**९. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

मैले पोहोर साल अन्नपुर्ण आधार शिविरसम्मको पदयात्रा गरेकी थिएँ । यो पदमार्ग लमजुङको बेशीसहरबाट सुरु हुन्छ । त्यसपछि म खुदी, बाहुनडाँडा, धारापानी चामे, पिसाङ, मनाङ, थोराङ ला पास हुँदै मुक्तिनाथ भएर फर्किएकी थिएँ । फर्किने क्रममा मार्फा, लेते, तातोपानी जस्ता मनमोहक प्राकृतिक दृश्य हेर्ने सौभाग्य मिलेको थियो । आँखै अगाडि देखिने अन्नपूर्ण, धौलागिरि, माछापुच्छ्रे हिमालको वर्णन कुन शब्दमा गरौं । लस्करै देखिने मुक्तिनाथका ढुङ्गाले छाएका घरैघर देख्दा म अचम्म परेँ । त्यहाँ पुग्दा मलाई भूस्वर्गको अनुभुति भयो ।

**प्रश्नहरु :**

क) माथिको अनुच्छेदबाट एउटा 'उपसर्ग' लागेको शब्द र एउटा 'प्रत्यय' लागेको शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) माथिको अनुच्छेदबाट एउटा समस्त शब्द र एउटा द्वित्व शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) रेखाङ्कित शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

कविद्वारा गरिएको रचना वा सिर्जना नै 'कविता' हो । (कविको कल्पना, भावना र अनुभूतिबाट नै कविताको जन्म हुन्छ ।) साहित्यमा काव्य, कविता र कवि शब्द परस्परमा अन्तरसम्बन्धित मानिन्छन् । यो साहित्यको लोकप्रिय विधा हो । कविद्वारा कविताको सिर्जना गरिने हुँदा कवितालाई कविको कर्म मानिन्छ । कविता रचना गर्ने व्यक्तिलाई कवि भनिन्छ । (कविता वार्णिक, मात्रिक, लोक र मुक्त लयमा लेखिन्छ ।) वार्णिक, मात्रिक र लोक छन्दमा लयको स्वरुप स्पष्ट हुन्छ । मुक्त छन्दमा लय आन्तरिक रुपमा रहेको हुन्छ । (वार्णिक र मात्रिक कवितालाई छन्दोवद्ध कविता भनिन्छ ।) भने मुक्त लयको कवितालाई गद्य कविता भनिन्छ । भाव र लय कविताका मुख्य तत्व हुन् । लयले नै कवितालाई कथा निबन्धजस्ता विधाबाट अलग बनाउँछ । लयका कारण नै सबैले कविता वाचन गर्न मन पराउँछन् ।

**प्रश्नहरु :**

क) 'कविता' को जन्म कसरी हुन्छ ?

ख) कविता कुन कुन लयमा लेखिन्छ ?

ग) छन्दोवद्ध कविता भनेको के हो?

घ) कवितालाई अन्य विधाबाट अलग बनाउने तत्व के हो?

**११. दिइएको अनुच्छेदबाट चारवटा बुँदा टिपोट गरी सारांस लेख्नुहोस् :** (४)

मल्लकालीन नेपाललाई अर्थतन्त्रको स्वर्णकाल मानिन्छ । यस बखतमा उद्योगधन्दा तथा व्यापारिक समृद्धिले नै सबल अर्थतन्त्रको आधारशीला निर्माण भएको पाइन्छ । मल्लकालमा काष्ठकला, वास्तुकला मूर्तिकला तथा धातुकलाको अत्यधिक विकास भएको थियो । घरघरमा तान राखेर कपडा बुनिन्थ्यो । तामा, पित्तल, फलामका भाँडा उल्लेख्य मात्रामा उत्पादन गरिन्थ्यो । तेल पेल्ने उद्योग पनि फस्टाएका थिए । सुनचाँदीका गहना पनि विदेशी बजारमा पुग्थे । मल्लकालीन समयमा आन्तरिक तथा बाह्य दुबै किसिमका व्यापार सञ्चालित थिए । तिब्बतको राजधानी ल्हासामा

नेपाली वाणिज्य दूतावास स्थापना गरिएको थियो । नेपालले तिब्बतमा झैं भारतमा पनि निर्बाध रुपमा व्यापार गर्ने गर्थ्यो । सुनौली, पटना, बनारस जस्ता भारतका प्रमुख व्यापारिक केन्द्रमा नेपाली व्यापारिक कोठी खोलिएका थिए ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)

क) तलका बुँदाहरुको आधारमा छोटो जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :

नाम : लक्ष्मीप्रसाद देवकोटा

जन्म : १९६६ कार्तिक २७ गते

पिता : तिलमाधव देवकोटा

माता : अमरराज्यलक्ष्मी

साहित्यिक कृतिहरु :

महाकाव्य : शाकुन्तला, सुलोचना, वनकुसुम, प्रमिथस, महाराणा प्रताप, .....

खण्डकाव्य : मुनामदन, कुन्जिनी, लुनी लगायत तीन दर्जन

निबन्ध सङ्ग्रह : लक्ष्मी निबन्ध सङ्ग्रह र दाडिमको रुखनेर

कथा सङ्ग्रह : लक्ष्मी कथा सङ्ग्रह

उपन्यास : चम्पा

संलग्नता र योगदान : स्वच्छतावादी-प्रगतिवादी धाराका प्रवर्तक, त्रिचन्द्र कलेजमा प्राध्यापन, शिक्षामन्त्री

मृत्यु : २०१६ साल काठमाण्डौं

ख) 'भूकम्पबाट बच्ने उपाय' शीर्षकमा दुईजना साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)

क) गौरी पुस्तक पसल दाङले कक्षा-८ का अनिवार्य विषयका पुस्तकहरु पठाइ दिन अनुरोध गर्दै जनक शिक्षा सामग्री केन्द्र सानोठिमी भक्तपुरलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

ख) जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने साथीलाई दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** (३)

क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला

ख) एउटा शान्त घरको तलाउमा तनावरुपी तरङ्ग सिर्जना भएको थियो ।

**१५. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (४)

लालुपाते जस्तो रातो सपना बोकर
अक्करे भिरमा मुस्कुराइरहेको गुराँस झैं
सगरमाथा चढ्ने आरोहीका पैताला झैं
हामीले यसै युगका गीत लेखौं
दृढ अठोटका साथ
श्रम, पसिना र विकासको सङ्गीत लखौं

अब खनौ आफ्नै बाटो कोदालो भएर
अब जोडौ हजारौ सपनाहरु पुल भएर
फर्क युवा हो फर्क
यो देशको इतिहास हामी आफैंले लेख्नुपर्छ ।

**प्रश्नहरु :**

क) अक्करे भिरमा के मुस्कुराउँछ ?

ख) हामीले दृढ अठोटका साथ के-के गर्नुपर्छ ?

ग) कविताशमा युवाहरुलाई किन फर्क भनिएको हो ?

घ) कवितांशको मुख्य सन्देश के हो ? (५)

१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :

क) दिइएको जीवनको अंश पढी विश्लेषणात्मक उत्तर दिनुहोस् :

लामो प्रतीक्षा पछिको अनुकूल समयले सबैलाई गद्‌गद् तुल्याउँछ नै । सगरमाथा आरोहणलाई जीवनकै लक्ष्य ठान्ने जुन्को तावेईका लागि त्यस्तो अनुकूल समय आउनु भनेको खुसीको सीमा नरहनु जस्तै थियो । नेपाल सरकारका तर्फबाट सन् १९७५ का लागि हिमाल आरोहण सम्बन्धी निवेदन स्वीकृत भएको जानकारी पाएपछि उनी अत्यन्त हर्षित भइन् । त्यसबेला उनलाई स्वीकृति पाउनु नै आधा हिमाल आरोहण गर्नु जस्तै भएको थियो ।

**प्रश्न :**

व्यक्तिमा दृढ इच्छाशक्ति भए जतिसुकै चुनौतिपूर्ण काम पनि पूरा गरेरै छाड्छ भन्ने कुरालाई 'जन्को तावेई' जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

ख) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हिन्दुस्तानी सेना र अङ्ग्रेज अफिसर भागेको देखेर वंशु गुरुङले आफ्ना सहयोगीलाई भने "अर्ना छोड गोला फोर ।" वंशु गुरुङले जङ्गलबाट दुईवटा अर्ना पक्रेका रहेछन् । तिनलाई जाँड खुवाई मताएर राखिएको रहेछ । गोर्खाली सेनाले तिनका सिङमा राँको बालेर जङ्गलमा छाडिदिए । अर्ना आत्तिएर जतातते कुद्न थाले । यहि बेलामा गोर्खाली सेनाले अरिङ्गाल र बच्छिउँका गोला बिच्क्याइदिए । अर्नाले खेद्न, अरिङ्गालले चिल्न र सिस्नाले पोल्ने हुँदा अंग्रेजहरु ऐया र आत्था गर्दै भागाभाग भए ।

**प्रश्न :**

'साकार सपना' कथामा पृथ्वीनारायण शाहको सेनाले कस्तो बहादुरी र चलाखी अपनाए कथांशका आधारमा विवेचना गर्नुहोस् ।

१७. कुनै एक शीर्षकमा १२५ शब्दमा नघटाई निवन्ध लेख्नुहोस् : (५)

क) विद्यार्थी जीवनमा अनुशासनको महत्व

ख) जन्मभूमिप्रति मेरो कर्तव्य

ग) कृषि व्यवसाय

**समाप्त**